राष्ट्रिय स्वाभिमान, संविधानको रक्षा र स्थिरता हाम्रो सरोकार !
आर्थिक–सामाजिक रूपान्तरण र समृद्धि समाजवादको आधार !!

# प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

## नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को

# घोषणापत्र

(संक्षिप्त)

राष्ट्रिय स्वाभिमान, संविधानको रक्षा र स्थिरता हाम्रो सरोकार !
आर्थिक–सामाजिक रूपान्तरण र समृद्धि समाजवादको आधार !!

# प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९



# नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को

# घोषणापत्र

(संक्षिप्त)




**प्रकाशक** : नेकपा (एकीकृत समाजवादी)
केन्द्रीय निर्वाचन परिचालन कमिटी

**प्रकाशन प्रति** : ५००००० प्रति

**मुद्रक** : रोशन अफसेट प्रेस, भक्तपुर

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,**

देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएपछि दोस्रो पटक प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुन गइरहेको छ। वि.सं.२०६२/०६३ को जनक्रान्तिले मुलुकमा सयौं वर्षदेखि कायम रहेको सामन्ती राजतन्त्रको अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेको छ। यस युगान्तकारी परिवर्तनका लागि नेपाली जनताले विगत ७५ वर्षदेखि अनेकौं जनआन्दोलन र सङ्घर्षहरू सञ्चालन गरेका छन्। यी सङ्घर्षका क्रममा हजारौं योद्धाहरूले आफ्नो जीवन बलिदान गरेका छन्, हजारौं योद्धा बेपत्ता, घाइते र अङ्गभङ्ग भएका छन्। यसक्रममा कैयौं व्यक्तिले कठोर जेलसजाय भोगेका छन् भने कैयौंले भूमिगत जीवन बिताएका छन्। हामी आफ्नो जीवन उत्सर्ग गर्नुहुने आदरणीय सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सम्पूर्णमा कृतज्ञतासहित अभिवादन गर्दछौं। कम्युनिष्ट आन्दोलनका धरोहर कमरेड पुष्पलाल, कमरेड मनमोहन अधिकारी, जननेता कमरेड मदन भण्डारीलगायत सबै अग्रजहरूलाई उच्च सम्मानका साथ स्मरण गर्दछौं।

## हाम्रो विद्रोह र पार्टी पुनर्गठन

वि.सं. २०७४ सालको आमनिर्वाचनमा हामी तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) मिलेर चुनावी गठबन्धन बनाई यहाँहरूबिच आएका थियौं र झन्डै दुई तिहाई संसदीय

स्थानमा विजय प्राप्त गरी केपी ओलीको नेतृत्वमा सङ्घीय सरकार निर्माण गरिएका थियौँ। त्यस सरकारले जनअपेक्षाअनुरूप र चुनावका बेला जनता समक्ष प्रस्तुत प्रतिवद्धता अनुरुप काम नगरी भ्रष्टाचार र कुशासनलाई प्रश्रय दिएका कारण आम जनताका मनमा केपी ओलीको दक्षिणपन्थी अवसरवादका बारेमा मात्रै होइन, समग्र राजनीतिप्रति नै वितृष्णा उत्पन्न हुन गयो। हामीले नेकपा (एमाले) मा व्याप्त दक्षिणपन्थी अवसरवाद, गैरकम्युनिष्ट विचार, गलत आचरण र षड्यन्त्रकारी कार्यशैली सुधार्नका लागि धेरै प्रयास गर्‍यौँ। एमाले नेतृत्वलाई सुधार्न र ठिक ठाउँमा ल्याउन नसकिने ठहर गरिसकेपछि हामीले विद्रोह गर्‍यौँ र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) गठन गरी अहिले हामी 'कलम' चुनाव चिन्ह लिएर यहाँहरूमाझ आएका छौँ।

## विगतका हाम्रा प्रयासहरू

आदरणीय जनसमुदाय,

नेपाली कम्युनिस्ट आन्दोलन अनेकन उकाली-ओराली र सङ्कटका विभिन्न भङ्गालाहरू पार गर्दै अगाडि बढिरहेको छ। कम्युनिस्ट पार्टीले सही विचार, सिद्धान्त र कार्यक्रमका आधारमा आफूलाई अगाडि बढाउँदा छरिएर रहेका कम्युनिस्टहरूबिच एकता र सहकार्य अगाडि बढेको छ। यसो गर्दा लोकतान्त्रिक र देशभक्त

शक्तिहरूलाई साथमा लिएर देशको राजनीतिमा महत्वपूर्ण परिवर्तन ल्याउन सम्भव भएको छ। वि.सं. २००७, २०४६ र २०६३ का युगान्तकारी परिघटनाहरू यसका प्रमाण हुन् । कम्युनिस्ट पार्टीले सही नीति र कार्यक्रमका अँगालेर अगाडि बढ्दा २०५१ सालमा अल्पमतकै भए पनि सरकार बनाएर जनपक्षीय काम गर्न सम्भव भएको थियो ।

कमरेड मनमोहन अधिकारीको नेतृत्वमा गठित २०५१ सालको नौ महिने सरकारको सबैभन्दा लोकप्रीय र जन-जनका मन मष्तिस्कमा बस्न सफल कार्यक्रम हो–'आफ्नो गाउँ, आफै बनाऔँ' । यो कार्यक्रम नेपालको स्थानीय विकासको क्षेत्रमा आधारभूत परिवर्तन ल्याउने युगान्तकारी कदम थियो । त्यो कार्यक्रम नेपाली अर्थतन्त्रमा विजारोपण गरिएको पहिलो समाजवादउन्मुख कार्यक्रम थियो। त्यसरी प्रत्येक निर्वाचन क्षेत्रमा समान बजेट छुट्ट्याउने गरी 'नौ स' को कार्यक्रम अघि सारिएको थियो। 'नौ स' अन्तर्गत स्थास्थ्य, शिक्षा, स्वच्छ खानेपानी, स्थानीय सडक, साना सिचाई, सघन बन, सामुदायिक विद्युतिकरण, साना तथा लघु उद्योग, सिपमूलक तालिमजस्ता पूर्वाधार र रोजगारमूलक कार्यक्रमहरू अघि सारिएका थिए। अहिले गाउँगाउँमा शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, विद्युत लगायत भौतिक पूर्वाधार निर्माणको लहर चलेको छ, त्यसको आधारशिला 'आफ्नो गाउँ, आफै बनाऔँ' र 'नौ स' कार्यक्रमहरू नै हुन् । बृद्धभत्ता, एकल

महिला र अपांगता भएका व्यक्तिका लागि भत्तालगायत सामाजिक सुरक्षाका विभिन्न कार्यक्रम, 'गाउँगाउँमा सहकारी, घरघरमा रोजगारी', भूमीहीन सुकुम्बासीलाई जग्गाको लालपूर्जा वितरणजस्ता जनमुखी कार्यक्रम कार्यान्वयनमा ल्याइएको थियो ।

गणतन्त्र स्थापनामा नेतृत्वदायी भूमिका, शान्ति स्थापनामा प्रमुख भूमिका तत्कालिन 'अनमिन' (UNMIN) लाई विदाई, पुष्पलाल (मध्यपहाडी) लोक मार्गको सुरुवात, काठमाडौं-निजगढ द्रुत मार्गको सुरुवात, स्थानीय तहमा महिला र उत्पिडित-दलित समुदायको प्रतिनिधित्वको सुरुवात, उपल्लो तामाकोशी जलविद्युत आयोजना निर्माणको सुरुवात, कलङ्की नौबिसे सुरुङ मार्गको कार्य प्रारम्भ, जनता आवास कार्यक्रम, विद्यालय र बालबालिका शान्ति क्षेत्र घोषणा, अन्तर्जातीय विवाहलाई प्रोत्साहन, एकल महिलाहरूलाई प्रोत्साहित गर्ने कार्यक्रम, महिलामाथि हुने हिंसा नियन्त्रण गर्न प्रहरीमा महिला सेलको स्थापना, अपाङ्गता भएका व्यक्तिलगायतलाई सामाजिक सुरक्षा कार्यक्रम आदि विगतमा हामीले गरेका मुख्य काम थिए ।

## हाम्रा मुख्य नीतिगत प्रतिवद्धता

**आदरणीय जनसमुदाय,**

अब हामी प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७९ का

सन्दर्भमा आफ्ना मुख्य नीतिगत प्रतिबद्धताहरू उल्लेख गर्न चाहन्छौँ। हामी यिनै नीतिगत प्रतिबद्धताका आधारमा आगामी दिनमा अगाडि बढ्नेछौँ।

## १. प्राप्त उपलब्धिको रक्षा र विस्तार

नेपाली जनताको लामो र बलिदानीपूर्ण सङ्घर्षबाट मुलुकमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्। सामन्ती राजतन्त्रलाई परास्त गरी स्थापना गरिएको समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशिता, सामाजिक न्याय र धर्मनिरपेक्षतासहितको राजनीतिक प्रणाली समाजको आर्थिक-सामाजिक रूपान्तरणको आधारका रूपमा रहेको छ। अहिले मुलुकमा एकातर्फ प्राप्त उपलब्धिहरूको रक्षा गर्दै थप उपलब्धिहरूका लागि पहल गर्ने पक्ष छ भने अर्कोतर्फ यी उपलब्धिहरूलाई समाप्त गरेर भए पनि आफ्नो स्वेच्छाचारी शासन सञ्चालन गर्ने दुराकाङ्क्षा राख्ने पक्ष छ। अहिलेको निर्वाचनमा यिनै दुई पक्षका बिच प्रतिस्पर्धा हुन गइरहेको छ। हामी प्राप्त उपलब्धिहरूको रक्षा गर्दै थप उपलब्धिहरूका निम्ति निरन्तर पहल गरिरहने पक्षमा नै मत जाहेर गर्ने छन्।

## २. लोकतन्त्रको सुदृढीकरण र विकास

अहिले मुलुकमा बहुदलीय प्रतिस्पर्धात्मक, समानुपातिक

एवं समावेशी सहभागितामुलक विशेषतासहितको लोकतन्त्र कायम छ। यो हाम्रो आफ्नै मौलिक विशेषता हो। यो नै पर्याप्त भने छैन र सुदृढ एवं सुस्थिर बन्न सकेको छैन। यसका विरुद्ध अनेक प्रकारका षड्यन्त्र भइरहेका छन्। हामी यस विरुद्धका सबै षड्यन्त्रहरूलाई परास्त गर्दै यसलाई सुदृढ र सुस्थिर बनाउँन र समाजवादी लोकतन्त्रको रूपमा विकास गर्न चाहन्छौं। समाजमा व्याप्त गरिबी, अभाव, पछौटेपन, असमानता र विभेदको अन्त्य गर्दै समृद्धि, सामाजिक न्याय र समानतामा आधारित सभ्य एवं सुसंस्कृत समाज निर्माण गर्न सकिन्छ भन्ने हाम्रो दृढ प्रतिबद्धता छ।

## ३. निर्वाचन प्रणालीमा सुधार

अहिलेको निर्वाचन प्रणाली अत्यन्त खर्चिलो, भड्किलो र जटिल समेत छ। हामी यस निर्वाचन प्रणलीमा सुधार गरेर सरल र कम खर्चिलो बनाउन चाहन्छौं। यसै पटक पनि हाम्रो पार्टीले कमभन्दा कम खर्चिलो चुनाव प्रचार अभियान सञ्चालन गर्ने छ र हाम्रा उम्मेदवारहरूले पनि कम खर्चिलो चुनाव प्रचार अभियान सञ्चालन गर्ने छन्।

## ४. सुशासन र पारदर्शिता

सुशासन र पारदर्शिता लोकतन्त्रका अपरिहार्य पक्ष हुन्।

जनताले सुशासन र पारदर्शिता महसुस गर्न पाएको अवस्था अहिले छैन। भ्रष्टाचार, कमिसनतन्त्र, अपारदर्शिता र ढिलासुस्ती क्यान्सर रोग जस्तै गरी फैलिरहेको छ। सङ्घीयताको मर्मअनुरूप जनताको घरदैलोमै प्रभावकारी सेवा प्रदान गर्न पनि सकिएको छैन। हामी यस स्थितिमा परिवर्तन गर्नैपर्ने पक्षमा छौँ। भ्रष्टाचारमा शून्य सहनशीलतासहितको सुशासन, पूर्ण पारदर्शिता र सङ्घीयताको मर्म अनुरूप जनताको घरदैलोमै प्रभावकारी सेवाप्रदान नै हाम्रा दृढप्रतिज्ञा हुन्।

## ५. आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड

नेपालको पछौटेपन, आयात आधारित राजस्वको मूल स्रोत, डरलाग्दोरूपमा बढ्दै गैरहेको व्यापार घाटा, चर्को बेरोजगारी, कृषिबाट सक्रिय जनशक्तिको पलायन, युवाहरूको विदेश पलायन, ऋणको मात्रामा निरन्तर वृद्धि, बजेटको पुँजीगत खर्च नहुने समस्या, महङ्गीको अचाक्ली वृद्धि, कालोबजारी, उत्पादनका स्रोत-साधनहरूमा दलाल पूँजीपतिहरूको नियन्त्रण, मिटर ब्याजीको शोषण, वित्तीय क्षेत्रमा मौलाएका विकृतीहरू, अभाव र गरिबी नेपाली अर्थतन्त्रका आधारभूत समस्या हुन्। हामीले जबसम्म हाम्रो आफ्नै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सक्तैनौँ तबसम्म अर्थतन्त्रका उपर्युक्त समस्याबाट मुक्त

हुन सकिदैन र हाम्रो परनिर्भरता कायमै रहन्छ । कृषि, उद्योग, ऊर्जालगायत क्षेत्रमा उत्पादन वृद्धि र पर्यटन, व्यवस्थापन एवं सूचना प्रविधिजस्ता सेवा क्षेत्रहरूको विकास र विस्तार गरेर परनिर्भरता कम गर्दै जानु र आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्नु आजको हाम्रो मुख्य आर्थिक कार्यभार हो । यो कार्यभार वहन गर्नका निम्ति हामी दृढतापूर्व अगाडि बढ्न चाहन्छौँ । यसमा हामीलाई जनताको साथ चाहिएको छ ।

## ६. आर्थिक–सामाजिक रूपान्तरण : समाजवादका आधार निर्माण

हाम्रो लक्ष्य वैज्ञानिक समाजवाद हो । वैज्ञानिक समाजवाद भनेको सबै जनताका निम्ति खाना, छाना र नना तथा शिक्षा, स्वास्थ्य र रोजगारी उपलब्ध गराइएको, उत्पानका साधनमाथि समान हक भएको र सामाजिक न्याय एवं समानतासहितको समाज व्यवस्था हो । वर्तमान नेपाली समाजमा आर्थिक-सामाजिक रूपान्तरणका लागि व्यापक अभियान सञ्चालन नगरी त्यो अवस्था निर्माण गर्न सकिदैन । आर्थिक-सामाजिक रूपान्तरण अभियान सञ्चालन गर्न प्रतिवद्ध छौं ।

## ७. राष्ट्रिय हित र स्वाभिमानको संवर्द्धन

हाम्रो राष्ट्र भूपरिवेष्टित मात्र होइन दुई ठुला शक्तिशाली

राष्ट्रहरूबिच अवस्थित समेत छ। यो राष्ट्र इतिहासमा कहिल्यै कसैको उपनिवेश भएन तर वेला-वेलामा बाह्य हस्तक्षेपबाट आक्रान्त हुँदै आएको पनि छ। नेपाल कम्युनिष्ट पार्टी आफ्नो स्थापना कालदेखि नै नेपाल राष्ट्रको स्वतन्त्रता, भौगोलिक अखण्डता, सार्वभौमसत्ता सम्पन्नता र स्वाभिमानको पक्षमा दृढतापूर्वक उभिदै आएको छ। आज पनि हामी त्यही दृढताका साथ उभिने प्रतिबद्धता जाहेर गर्दछौँ। हामी राष्ट्रहरूबिचको समानता, पारस्परिक लाभ, अहस्तक्षेप र सम्मानलगायत पञ्चशीलका सिद्धान्त, संयुक्त राष्ट्र सङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनी मान्यताका आधारमा हाम्रा छिमेकीलगायत सबै देशसँग सुमधुर सम्बन्ध राख्न चाहन्छौँ र अरूले पनि हामीसँग तदनुरूपकै सम्बन्ध राखुन् भन्ने अपेक्षा गर्दछौँ।

## ८. योजना प्रणालीमा आमूल परिवर्तन

भौतिक विकास-निर्माणका सन्दर्भमा हाम्रो योजना छनौट र कार्यान्वयन प्रक्रियामा गम्भीर समस्या छन्। योजना छनौटमा दाताहरू र प्रभावशाली ठानिएका नेताहरूको दबाबका कारणले लगानी र प्रतिफलको यथार्थ मूल्याङ्कन नगरी विकास आयोजनाहरू लैजाने प्रवृत्ति गम्भीर समस्याका रूपमा देखापरेको छ। करोडौं लागत लाग्ने योजनाहरूमा बर्सेनी केही

लाख मात्र बजेट छुट्याउने प्रवृत्तिले गर्दा योजनाहरू वर्षौंसम्म सम्पन्न हुन नसक्ने र विनियोजित रकमको प्रतिफल प्राप्त नहुने अवस्था रहेको छ। योजनाको छनौट र बजेट विनियोजनको यस प्रणालीमा आमूल परिवर्तन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

## हाम्रा कार्यक्रमिक प्रतिबद्धता

आदरणीय जनसमुदाय,

अब हामी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन-२०७९ का सन्दर्भमा आफ्ना कार्यक्रमिक प्रतिबद्धता उल्लेख गर्न चाहन्छौं। हामी सरकारमा सामेल हुँदा यी प्रतिबद्धताहरू कार्यान्वयन गर्ने छौं भने विपक्षमा रहँदा यिनै विषयलाई जनआवाजका रूपमा अगाडि बढाउने छौं।

### १. आधुनिक कृषि र सम्पन्न किसान

किसानलाई सम्पन्न बनाउने कृषि उत्पादनमा वृद्धि गरेर नै हो। त्यसैले कृषि पूर्वाधारमा ठुलो मात्रामा लगानी गरी कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायीकरण तथा कृषि यन्त्र, मल, बिउ, प्रविधिको सहज उपलब्धता र कृषि उत्पादनको वृद्धिमा हाम्रो जोड रहने छ।

सम्पूर्ण कृषिभूमिमा सुपर जोन, जोन, ब्लक र पकेट स्तरका आधुनिक फार्महरूको विकास गरी माटो अनुकूल एउटै बाली

उत्पादनमा जोड दिइने छ। फलफूल, तरकारी, खाद्यान्न र पोल्ट्री, पशुपन्छी, मौरी, माछापालन लगायतका कृषि उत्पादनमा जोड दिइने छ।

कृषि उत्पादनमा आवश्यक रासायनिक र प्राङ्गारिक मल देशभित्रै उत्पादन गर्नका लागि **मल कारखाना** स्थापनामा जोड दिइने छ। समग्र कृषि उत्पादन प्राङ्गारिक मलमा आधारित गराउँदै र प्राङ्गारिक विषादी प्रयोग गर्ने नीति लिइने छ।

भूमी बाँझो राख्न नपाउने, बाँझो जमिनको बहुउपयोग गर्ने, बाँझो जमिनमा खेति गर्ने र बढी उत्पादन गर्ने किसानलाई अनुदान, सम्मान र पुरस्कारको व्यवस्था गर्ने, कृषियोग्य भूमिमा चक्लाबन्दी एवं गरा सुधार र सामूहिक एवं सहकारी खेतिमा जोड दिइने छ।

निम्न आय भएका कृषकहरूको जीविकोपार्जनका लागि राज्यद्वारा विशेष संरक्षणको व्यवस्था गरेर कृषि उत्पादन तथा पशुपंक्षी उत्पादनमा संलग्न किसान एवं उद्यमीहरूलाई कृषि बिमाको लागि आवश्यक रकम अनुदानमा दिने तथा कृषि व्यवसायका लागि ऋणमा सहुलियत दिने व्यवस्था गरिने छ।

## २. संरक्षित कृषि बजार, किसानको जीवनमा बहार

उचित मूल्यमा कृषि उपज बिक्रीको प्रत्याभूति नभएका

कारण एकातिर श्रमशक्ति कृषि क्षेत्रबाट पलायन भइरहेको छ र रोजगारीका लागि विदेशिन बाध्यता छ भने अर्कोतिर यही कारणले कृषि श्रमिकको अभाव पनि चर्को छ। प्रमुख खाद्यबालीमा समर्थन मूल्य निर्धारण गरी सुनिश्चित बचतसहितको कृषि उपज बिक्रीको व्यवस्था हुनुपर्दछ। यसैले हाम्रो नारा हुने छ- '**विदेशिएका युवालाई स्वदेश फर्काऔँ, कृषि उत्पादनमा वृद्धि गरौं** !' साथै, कृषि उत्पादन बृद्धि एवं विक्री हुने सुनिश्चितता सहित आधुनिक कृषि बजारको व्यवस्था गरिने छ।

३. **भूमिको वैज्ञानिक व्यवस्थापनः भूउपयोग नीतिमा परिवर्तन**

भूमिहिन तथा स्व-बासीका समस्याहरू समाधान गरिने छ। भूउपयोग नीति र आवश्यक कानुन निर्माण गरी भूमिको वर्गीकरण तथा उपयोग गर्ने व्यवस्था गर्न, कृषिभूमि अतिक्रमण गर्न नपाइने व्यवस्था कडाइका साथ लागु गर्न, राष्ट्रव्यापीरूपमा जग्गाको नापी सम्पन्न गरी भूमिको अभिलेख अद्यावधिक गर्न र भूमिसम्बन्धी सम्पूर्ण अभिलेख डिजिटल प्रणालीमा आबद्ध गर्न जोड दिइने छ।

४. **सिँचाइमा लगानी : कृषियोग्य जमिनमा पानी**

आधुनिक सिँचाइ प्रणाली लागु गरी सम्पूर्ण कृषिभूमिमा

सिँचाइको व्यवस्था गर्न पहल गरिने छ। तराई/मधेस र भित्री तराईको कृषिभूमि सिँचाइ गर्न तमोर-मोरङ, सुनकोसी-कमला र सुनकोसी-मरिन-वाग्मती, कालीगण्डकी-तिनाउ, राप्ती-सुराई, भेरी-बबई, पश्चिम सेती-कैलाली-पाण्डुन, शारदा नदी लगायतका डाइभर्सन योजना अगाडि बढाईने छ।

भूमिगत सिँचाइको सम्भावना भएका तराई-मधेस र अन्य स्थानमा स्यालो तथा डिप ट्यूबवेल र पहाडी भूभागमा अवस्थित समथर भूभाग, बेंसी तथा टारमा सौर्य ऊर्जा एवम् अन्य प्रविधिमा आधारित लिफ्ट सिँचाइ कार्यक्रम लागु गर्न जोड गरिने छ। पुराना सिँचाइ प्रणालीलाई मर्मत-सम्भार तथा पुनर्निर्माण गरी पूर्ण क्षमतामा सञ्चालन गर्न पहल गरिने छ।

'**नेपालको पानी नेपालमै**' भन्ने अवधारणालाई सार्थकता दिन नेपालको पूर्वदेखि पश्चिमसम्मका सबै नदिलाई एक अर्कासँग जोडी '**पूर्व–पश्चिम मेघा नहर**' बनाई सिँचाइ, खानेपानी तथा जलमार्गको विकास गर्ने दिर्घकालीन सौँचका साथ राष्ट्रिय गौरवको आयोजना बनाउन पहल गरिने छ।

## ५. राष्ट्रको पहिचान : पर्यटन विकास र संस्कृति संवर्द्धन

नेपाललाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक

विशेषतालाई प्रवर्द्धन गर्दै जैविक, ऐतिहासिक र सांस्कृतिक विविधता एवं प्राकृतिक सौन्दर्यको अध्ययन-अवलोकनका लागि नयाँ गन्तव्यको खोजी कार्यमा जोड दिइने छ। निकुञ्ज तथा वन्यजन्तु आरक्षण क्षेत्रहरूमा पर्यटक आकर्षित गर्न पर्यापर्यटनलाई प्रवर्द्धन गरिने छ। पर्वतारोहण, पदयात्रा तथा हिमाल अवलोकनलाई थप आकर्षक र सुरक्षित बनाइने छ। लुम्बिनी, पशुपतिनाथ, जनकपुरधाम, मुक्तिनाथ, हलेसीलगायत महत्वपूर्ण पर्यटकीय गन्तव्यको विकास एवं ऐतिहासिक र पुरातात्विक महत्वका स्थानको संरक्षणमा जोड दिइने छ।

## ६. घरेलु, ग्रामीण, साना तथा मझौला उद्योग : आत्मनिर्भरताको प्रयोग

हाम्रो देशमा तत्काल उत्पादन बढाएर आयात रोक्न सकिने वस्तु कृषि उत्पादनपछि स्थानीय साधन-स्रोत प्रयोग गरेर सञ्चालन गरिने घरेलु, ग्रामीण, साना तथा मझौला उद्योगहरू नै हुन्। '**एक पालिका, एक उद्योग ग्राम**' को व्यवस्था गरी स्थानीय सम्भाव्यताका आधारमा घरेलु, ग्रामीण, साना तथा मझौला उद्योगहरूको स्थापना गरी सञ्चालन गर्नका लागि स्थानीय उद्यमीहरूलाई प्रोत्साहित गरिने छ र सम्पूर्ण नेपाली जनतालाई स्वदेशमै उत्पादित वस्तुहरूको प्रयोग गर्न प्रोत्साहित गरिने छ।

## ७. एकीकृत योजनाबद्ध भौतिक पूर्वाधार र यातायात

भौतिक पूर्वाधारको एकीकृत योजना नबनाउने, प्राथमिता निर्धारण नगर्ने र एउटै आयोजनाका लागि वर्षेनी नाम मात्रको बजेट विनियोजन गर्ने, शहरी क्षेत्रमा सडक कालो पत्रे गर्ने पुनः अन्य परियोजनका लागि भत्काउने, सडक विस्तारका लागि पटक-पटक भवन तथा पर्खाल भत्काउने जस्ता प्रवृत्तिले सिमित स्रोत-साधनको पनि व्यापक दुरूपयोग भइरहेको छ। यस्तो अस्तव्यस्तताको अन्त्य गर्दै एकीकृत तथा दीर्घकालिन योजना निर्णाण र कार्यन्वयनका लागि पहल गरिने छ।

यातायात क्षेत्रमा रहेका तमाम विकृति र विसङ्गति अन्त्य गर्न र सार्वजनिक यातायातलाई सर्वसुलभ र प्रतिस्पर्धी बनाउन जोड गरिने छ।

## ८. सहरी तथा एकीकृत वस्ती विकास, समृद्ध नेपालका आधार

हाल नेपालमा भइरहेको शहरीकरण अत्यन्तै अस्तव्यस्त अवस्थामा रहेको छ। प्राय सहरहरूमा न्यूनतम सहरी पूर्वाधारहरू नै छैनन्। आधारभूत पूर्वाधारसहित आधुनिक सहरहरू निर्माणका लागि स्रोतको कमी र जग्गाको उपलब्धतालाई परिपूर्ती गर्न 'जग्गा एकीकरण परियोजना' लागु गरिने छ।

प्राकृतिक प्रकोपको जोखिममा रहेका वस्तीहरूलाई सुरक्षित स्थानमा स्थानन्तरण र ग्रामिण क्षेत्रहरूमा आधारभूत सेवाहरू पुऱ्याउने गरी वस्ती विकास गरिने छ।

## ९. ऊर्जा उत्पादनमा वृद्धि : राष्ट्रको आर्थिक समृद्धि

'**घरघरमा बिजुली–जनजनमा सेयर**' नीति लागु गर्दै आकर्षक प्रतिफल दिने जलविद्युत् परियोजनामा जनता र सरकारको संयुक्त लगानी प्रवर्द्धन गर्न पहल गरिने छ। यस्ता परियोजनामा लगानी गर्न स्वदेश र प्रवासमा रहेका नेपाली नागरिक तथा गैरआवासीय नेपालीहरूलाई प्रोत्साहित गर्ने र निरपेक्ष गरिबीको रेखामुनि रहेका व्यक्तिहरूलाई पनि सेयर उपलब्ध गराउन विशेष वित्तीय व्यवस्था गर्न पहल गरिने छ।

नेपालको पूर्ण क्षमता अनुसारको जलविद्युत् उत्पादन गर्न र उत्पादित विद्युत्को उपयोग तथा व्यपारका लागि सरकारी, सहकारी र निजी क्षेत्रलाई संलग्न गराइने छ। स्वदेशी लगानीमा निर्माण गर्न समय लाग्ने परियोजनाहरू राष्ट्रियहित अनुकुलहुने गरी अन्तर्राष्ट्रिय समुदायलाई निर्माणको जिम्मा दिने व्यवस्था गर्न पहल गरिने छ।

तीनै तहको सरकारको सहकार्यमा हरेक घर-परिवारलाई मासिकरूपमा २०० युनिटसम्म विद्युत महसुलमा छुट दिने तथा

गरिबीको रेखामुनि रहेका परिवारलाई विद्युत लाइन जोड्न र विजुली उपभोगमा सहुलियत दिन पहल गरिने छ। ग्रामिण विद्युतीकरणलाई अभियानका रूपमा सञ्चालन गरिने छ।

## १०. सडक पूर्वाधार : आर्थिक समृद्धिको आधार

राष्ट्रिय, प्रादेशिक र स्थानीय सडक र यातायातका लागि गुरु योजना बनाई लागु गर्ने, योजनाबिना जथाभावी सडक निर्माण गरी वन जंगल र कृषियोग्य जमिन समाप्त गर्ने कामलाई कडाइका साथ निरुत्साहित गरिने छ। पालिका केन्द्र तथा जिल्ला सदरमुकाम जोड्ने सडक निर्माण तथा भएका सडकको स्तरोन्नति गर्ने, पालिका केन्द्रदेखि वडा केन्द्रसम्म सहज यातायातका लागि सडक निर्माण तथा स्तरोन्नति गर्ने र सडक निर्माण गर्नु पूर्व सडकका नाममा जग्गाको नक्सा पास गराएरमात्र निर्माण सुरु गर्ने आदि कार्यमा जोड दिइने छ।

मध्यपहाडी पुष्पलाल लोकमार्गलाई चार लेनमा स्तरोन्नति गर्ने र मदन भण्डारी राजमार्ग निर्माण आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने र कर्णाली, गण्डकी, कोशी कोरिडोर लगायत उत्तर-दक्षिण राजमार्ग तथा तराईका सबै जिल्लामा राजमार्गदेखि नेपाल-भारत सिमानासम्म फराकिला राजमार्ग निर्माण गर्न जोड दिइने छ।

राष्ट्रव्यापी सडक सञ्जाल निर्माण गर्दा आवश्यकताअनुसार उच्च पुल र सुरुङ प्रविधिको व्यापक प्रयोग गर्ने, हुलाकी राजमार्गलाई चार लेनमा स्तरोन्नति गर्ने र ग्रामीण क्षेत्रमा निर्माण गरिएका सडकहरूलाई कृषि सडकमा रूपान्तरण गर्ने कार्यमा जोड दिइने छ। संभाव्य स्थानहरूमा जलमार्ग, पदमार्ग, केबुलकार तथा घोडेटो र गोरेटो बाटो निर्माण, विस्तार एवं स्तरोन्नतिका बृहत् परियोजना सञ्चालन गरिने छ।

काठमाडौँ उपत्यकामा भित्री, बाहिरी र बृहत गरी तीनओटा चक्रपथ निर्माण, विस्तार तथा विकास गर्न पहल गरिने छ।

## ११. गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधार : राष्ट्र निर्माणका आधार

संविधानले समाजवाद उन्मुख आर्थिक नीति अवलम्बन गरेको छ। यस व्यवस्थाअनुसार समाजवादी सिद्धान्त अनुरुप सरकारी भूमिकालाई प्रधानता दिदै शैक्षिक क्षेत्रमा पनि सरकारी, सहकारी र निजी लगानीका शैक्षिक संस्थाहरू सञ्चालन हुन सक्नेछन्। संविधान प्रदत्त शिक्षाको मौलिक हक कार्यान्वयन गर्न सबै तहमा कुल बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्न जोड दिइने छ।

माध्यमिक तहसम्मको सम्पूर्ण शिक्षा अनिवार्य र निःशुल्क

गरिनुपर्ने र शिक्षाको उज्यालोबाट कोही पनि वञ्चित हुनुनपर्ने अवस्था सृजना गर्न पहल गरिने छ। सामुदायिक विद्यालयको पठनपाठनमा व्यापक सुधार गरी अन्तराष्ट्रिय स्तरको बनाउन पहल गरिने छ। गैरप्राविधिक विषयमा ३० प्रतिशत र व्यावसायिक तथा प्राविधिक विषयमा ७० प्रतिशत जनशक्ति उत्पादन गर्ने गरी शिक्षा नीतिमा परिवर्तन गरिने छ।

विश्वविद्यालयहरूको पुनःसंरचना गर्नका लागि उच्च स्तरीय आयोग गठन गरी विश्वविद्यालयहरूलाई अनुसन्धानमुखी बनाउन विशेष जोड दिइने छ। उद्योगहरूसँगको सहकार्य, नवप्रवर्तन तथा वैज्ञानिक अनुसन्धानको क्षमतालाई प्राद्यापकहरूको पदोन्नतिको आधार बनाइनेछ। उच्च शिक्षामा अध्ययन, अनुसन्धानमार्फत विज्ञता र विशेषज्ञताको विकास गर्न विशेष ध्यान दिइने छ।

योगमाया आयुर्वेदिक विश्वविध्यालयको कार्यक्षेत्र सातै प्रदेशमा विस्तार गरी अध्ययन अध्यापनका काम अगाडि बढाइने छ।

कृषि, वन, पशु विज्ञान, इञ्जिनियरिङ, सूचना-प्रविधिलगायतका विषयहरूमा विद्यार्थीहरूले '**सिक्दै र कमाउदै**' गर्ने प्रणालीको व्यवस्था गरिने छ। कृषि, स्वास्थ्य, वन, इञ्जिनियरिङ, विज्ञान,

सूचना तथा प्रविधि लगायतका विषयमा उच्च शिक्षा हासिल गर्नका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ। त्यसरी नै हरेक क्षेत्रका प्रतिभवान विद्यार्थीहरूलाई अध्ययन अनुसन्धानका लागि प्रोत्साहन गर्दै पुरस्कृतसमेत गरिने छ।

सार्वजनिक शिक्षामा लगानी वृद्धि र निजी लगानीलाई नियमन गर्दै दुईखाले शिक्षा प्रणालीमा रहेको विभेद हटाउन र शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त गराउन तथा विद्यालय एवं बालबालिकालाई **शान्तिक्षेत्र**को रूपमा स्थापित गर्न विशेष जोड दिइने छ।

## १२. निःशुल्क स्वास्थ्य उपचार : जनताको मौलिक अधिकार

'निःशुल्क स्वास्थ्य उपचार, जनताको मौलिक अधिकार' भन्ने नारालाई कार्यान्वयन गर्न आम जनतालाई आधारभूत स्वास्थ्य उपचार निःशुल्क उपलब्ध गराउन बजेटको पहिलो प्राथमिकतामा स्वास्थ्य सेवालाई राखिने छ।

प्रत्येक प्रदेश सदरमुकाममा डायोग्नोसिस केन्द्र, ट्रमा सेन्टर, अप्रेसन थिएटर, आइसियु तथा भेन्टिलेटर सेन्टरहरूसहितका एक हजार, नगरपालिकाको केन्द्रमा कम्तीमा एकसय र गाउँपालिकाको केन्द्रमा कम्तीमा पच्चिस शैयाका अस्पताल स्थापना र सञ्चालन गर्न पहल गरिने छ। प्रत्येक पालिकामा

एमडिजिपीलगायत विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवा उपलब्ध गराउन पहल गरिने छ। यसबाट एकातिर दूर-दराजका जनताले पनि घर-आगनमै विशेषज्ञ स्वास्थ्य सेवा पाउने छन् भने अर्कोतिर स्वास्थ्य क्षेत्रको जनशक्ति विदेश पलायन हुनबाट रोकिने छ।

सबै नगरपालिका र गाउँपालिकामा अनिवार्य रूपमा एम्बुलेन्स व्यवस्था गरेर बिरामीलाई अस्पताल पुऱ्याउने व्यवस्था गर्न, विकट गाउँहरूका लागि एयर एम्बुलेन्सको व्यवस्था गर्न र आकस्मिक दुर्घटना, प्राकृतिक प्रकोप तथा विपद् र महामारीबाट हुने घाइते तथा विरामीहरूको उद्धार र सम्पूर्ण उपचार निःशुल्क गराउन पहल गरिने छ।

क्यान्सर, मुटुरोग, मिर्गौला रोग, मधुमेह, उच्च रक्तचाप आदि घातक रोगका औषधि र स्वास्थ्य जाँच निःशुल्क उपलब्ध गराउन र क्यान्सर, मुटु, मृगौला, कलेजोको रोगलगायत जटिल र दीर्घ रोग लागेका बिरामीलाई उपचार र औषधि खर्चवापत मासिक पाँच हजार सहयोग उपलब्ध गराउन पहल गरिने छ। मुटु, मृगौला, कलेजो, फोक्सो र टाउकोको जटिल शल्यक्रियाहरू सरकारको तर्फबाट गर्ने व्यवस्था मिलाउन र मिर्गौला रोगीका लागि डायलोसिस तथा प्रत्यारोपण सेवा निःशुल्क गर्न पहल गरिने छ।

मानसिक रोग, डेंगु, चिकनगुनिया, मलेरिया, हेपाटाइटिस, कालाजार, हात्तीपाइले, टिबी, निमोनिया, टाइफाइड, झाडापखाला तथा सिक्कलसेल एनिमियाजस्ता रोगको प्रभावकारी रोकथाम एवं नियन्त्रण गर्न र एच.आई.भी., टी.भी., मलेरिया एवम् कोभिड-१९जस्ता संक्रामक रोगबाट संक्रमित तथा प्रभावितहरूको उपचारमा विशेष ध्यान दिइने छ।

सरकारी अस्पतालमा कार्यरत चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मीहरूले निजी क्षेत्रमा काम गर्न नपाउने व्यवस्था कडाइका साथ लागु गर्न पहल गरिने छ। सरकारी अस्पतालका कार्यरत स्वास्थ्यकर्मीहरूलाई योगदानका आधारमा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने तथा वृत्तिविकास लागि विशेष प्राथमिकता प्रदान गरिने छ। एक हजार क्षमता भएका जिल्ला, प्रादेशिक तथा केन्द्रीय अस्पतालहरूलाई स्टाप नर्स, हेल्थ एसिस्टेन्ट, फार्मेसी, ल्याव टेक्निसियन जस्ता विषयहरू अध्ययन गराउन दिने गरी क्रमशः अनुमती प्रदान गरिने छ।

### १३. निःशुल्क खानेपानी : सुखी जिन्दगानी

मानिसका लागि हावापछि पानी नै जीवन हो। यस तथ्यलाई मनन गरी खानेपानीको सुविधा पुगेका पालिकाका हरेक

घरपरिवारलाई मासिक दसहजार लिटर पानी निःशुल्क रूपमा उपलब्ध गराउन र खानेपानी नपुगेका स्थानमा खानेपानीको सुविधा अनिवार्य रूपमा पुऱ्याउन जोड दिइने छ।

‘**एक घर एक धारा, स्वच्छ खानेपानी हाम्रो अभिभारा**’ भन्ने नाराका साथ हरेक घरपरिवारमा स्वच्छ खानेपानी पुऱ्याउने काम सरकारको उच्च प्राथमिकता हुने छ। सोहीअनुसार बजेटको प्राथमिकता निर्धारण गर्न पहल गरिने छ। खानेपानी र सरसफाइजस्तो जनताको आधारभूत आवश्यकता पूरा गर्न ‘**स्वस्थताका लागि पूर्ण सरसफाइ अभियान**’ सञ्चालन गरिने छ।

**१४. स्वस्थ जीवनका आधार : खेलकुदका पूर्वाधार**

‘**स्वास्थ्यका लागि खेलकुद, राष्ट्रिय पहिचानका लागि खेलकुद**’ भन्ने उद्घोषका साथ बालबालिका तथा युवाहरूको शारिरिक र मानसिक विकासका लागि खेलकुद क्षेत्रको विकासमा जोड दिइनेछ। खेलकुदमार्फत नागरिकहरूको शारीरिक र मानसिक स्वास्थ्य, सामूहिक भावनाको विकास र अनुशासित तथा मर्यादित जीवनयापन गर्न सिकाइने छ। राष्ट्रको पहिचान, सम्मान र गरिमा अभिवृद्धि गर्ने गरी खेल क्षेत्रको विकासमा जोड दिइने छ।

## १५. विज्ञान–प्रविधि र आविष्कार : आर्थिक–सामाजिक रूपान्तरणको मूल आधार

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) लाई पुनःसंरचना गरी युगको आवश्यकता अनुसारको वैज्ञानिक नीति निर्माण र नयाँ युगको संवाहकको रूपमा विकास गर्ने र प्रत्येक प्रदेशमा नास्टका एक/एक विशिष्ट प्रयोगशाला एवं स्रोत केन्द्र राख्न पहल गरिने छ। 'विज्ञान, प्रविधि र आविष्कारः आर्थिक सामाजिक रूपान्तरणको मूल आधार' कार्यक्रमको स्पष्ट मार्गचित्र निर्माण गरिने छ। विभिन्न देशमा उच्च शिक्षा हासिल गरेका र स्वदेश फर्केर सेवा गर्न चाहने बैज्ञानिक-प्राविधिकहरू प्रति लक्षित विशेष कार्यक्रम सञ्चालन गरिने छ।

मेशिन लर्निंग, आर्टिफिसियल इन्टेलिजेन्स, नानो प्रविधिलगायतका नवोदित प्रविधिहरूको प्रवर्धन गर्ने, प्रयोग गर्ने र तत्सम्बधी नियमनको व्यवस्था गर्ने पहल गरिने छ। नेपालमा पाइने जडीबुटीहरूबाट असाध्य रोगहरूको उपचार बिधि आविस्कार गर्ने र बहुमुल्य खनिजहरूको बारेमा अनुसन्धान गर्ने बिशेष कोष खडा गरी कार्यक्रम सुरुवात गरिने छ।

## १६. हवाई तथा जलमार्ग

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई विस्तार तथा स्तरोन्नति, निजगढमा अत्याधुनिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण, हाल सञ्चालनमा रहेको सबै विमानस्थलहरूलाई अत्याधुनिक, व्यवस्थित, सुविधासम्पन्न र सुरक्षित हुने गरी विस्तार तथा आधुनिकीकरण गर्न पहल गरिने छ। विराटनगर, नेपालगन्ज, सुर्खेत तथा धनगढी विमानस्थलहरूलाई अन्तर्राष्ट्रिय स्तरमा विस्तार र स्तरोन्नति गर्न पहल गरिने छ।

बाह्य र आन्तरिक पर्यटन प्रक्षेपणका आधारमा नेपाल वायुसेवा निगमका विमानको संख्या बढाइने छ। निजी क्षेत्रका हवाई सेवा प्रदायकहरूलाई प्रोत्साहन गरिने छ।

भूपरिवेष्ठित मुलुकहरूले समुद्र उपयोग गर्न पाउने अधिकार प्रयोग गरी नेपाली ध्वजावाहक पानीजहाज सञ्चालनका लागि पहल गरिने छ।

## १७. मानव संशाधन विकास

प्रत्येक पालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम परिषद्बाट मान्यताप्राप्त **प्राविधिक शिक्षालय** स्थापना गरी उमेर पुगेका सबै व्यक्तिलाई रुचिअनुसारको प्राविधिक सिपमूलक तालिम लिन पाउने व्यवस्था गर्न पहल गरिने छ।

प्रत्येक प्रदेशमा **प्राविधिक तथा व्यावसायिक महाविद्यालय** सञ्चालन गरी उच्चस्तरका दक्ष प्राविधिक र व्यवस्थापक उत्पादन गर्ने, केन्द्रीय स्तरमा राष्ट्रलाई आवश्यक पर्ने वैज्ञानिकहरू उत्पादन गर्न विभिन्न अनुसन्धान केन्द्र स्थापना गर्ने र वैज्ञानिकहरूको आविष्कार र ज्ञानलाई बौद्धिक सम्पत्तिका रूपमा दर्ता गरिने छ ।

'**एक घर, एक सिप र एक रोजगारी**' को अवधारणा अनुसार सिप विकास गरी, रोजगारी प्राप्त गर्न चाहने र रोजगारदाताहरूको साझा सिप बजार स्थापना गरी स्वदेशमै रोजगारीको अवस्था सिर्जना गर्न पहल गरिने छ। वैदेशिक रोजगारीमा जान चाहनेले सम्बन्धित विषयमा सिपमुलक तालिम लिएको आधिकारिकता पुष्टि गरेर मात्र जाने व्यवस्था मिलाइने छ ।

## १८. युवा शक्ति नै राष्ट्र निर्माणको आधार

युवाहरू नै वास्तविक श्रमशक्तिका स्रोत हुन् । यस तथ्यलाई बुझेर प्रत्येक पालिकामा युवा विभाग गठन गरिने छ। पालिकास्तरमा रहेको युवा विभागले आफ्नो भूगोलभित्र रहेका १८ वर्षदेखि ४० वर्षसम्मका युवाहरूको तथ्याङ्क लिने, ती युवाहरूमध्ये बेरोजगारहरूलाई रोजगारी उपलब्ध गराउनका

लागि स्वरोजगारका विविध योजना बनाई लागु गर्ने ।

‘**हाम्रा युवा हामीसँगै**’ भन्ने आह्वानका साथ ऊर्जाशील, दक्ष र बौद्धिक जनशक्तिलाई विदेश पलायन (ब्रेन ड्रेन) हुनबाट रोक्ने र आफ्नै गाउँ सहरमा रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने कुरालाई उच्च प्राथमिकतामा राखिने छ। युवा उद्यमीहरूका लागि सलुभ र सरल कर्जाको व्यवस्था गरिने छ।

## १९. प्राकृतिक सम्पदा र वातावरण संरक्षण

समुदायमा आधारित वन व्यवस्थापनलाई प्रोत्साहन दिदै दिगो वन व्यवस्थापनमा आधारित प्रणालीमार्फत वनको उत्पादकत्वमा वृद्धि गरी काठ र काठजन्य वन पैदावरहरूमा देशलाई आत्मनिर्भर बनाउन पहल गरिने छ। जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण र संवर्द्धन गरिने छ। प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापनका लागि समुदायसँग सहकार्य गरिने छ।

विकासका कामहरूमा वातावरण संरक्षण, स्रोतको सुरक्षालगायत विषयमा समुचित ध्यान दिइनेछ। राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण एवं संरक्षण क्षेत्रहरूको दिगो व्यवस्थापनमा ध्यान दिइने छ। जलवायु परिवर्तनबाट उत्पन्न

समस्याहरूको समाधानका लागि अनुकूलन एवं न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गरिने छ। दूषित हावा नियन्त्रणका लागि कार्यक्रम सञ्चालन गरिने छ। जैविक ऊर्जा र प्रांगारिक मल उत्पादनका माध्यमबाट फोहोरलाई दिगो व्यवस्थापन गरिने छ। मापदण्डविपरीतका प्लास्टिक झोला र वातावरणमाप्रतिकूल असर पार्ने सामग्रीको प्रयोगलाई निषेध गरिने छ।

पर्यावरण संरक्षणका लागि नदी खोला नियन्त्रण, पानीको मूहान संरक्षण, तालतलैया, धार्मिक स्थल संरक्षण, खुला क्षेत्र, सडक, टोल र सार्बजनिक स्थलहरूको सरफाई तथा सहर र गाउँका सार्बजनिक, निजी जग्गा एवं वन जङ्गलका खाली क्षेत्रहरूमा वृक्षारोपण गर्न प्रोत्सहन गरिने छ।

## २०. सबैतिर पार्क बनाऔँ : फलफूलका विरुवाले सडक सजाऔँ

हरेक पालिकामा सबैका लागि पहुँचयुक्त ठुला आकारका पार्क र वार्ड-वार्डमा साना पार्कको निर्माण गरिने छ। सबै वडा र सम्भव भएसम्म टोल-टोलमा बाल उद्यान, बालगृह, ज्येष्ठ नागरिक आश्रम, तालिम केन्द्र, खेलकुद मैदान, पोखरीआदिको समुचित व्यवस्था गर्न पहल गरिने छ। भूमाफियाहरूद्वारा कब्जा गरिएका जमिन फिर्ता लिई उपलब्ध

सार्वजनिक जमिनको अधिकतम सदुपयोग पहल गरिने छ।

२१. **स्वच्छ, सुन्दर र आधुनिक राजधानी**

काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाहरूलाई एकीकृत राजधानी सहरका रूपमा विकास गरी सुन्दर, स्वस्थ, स्वच्छ तथा पर्यावरणमैत्री ऐतिहासिक सम्पदा सहरका रूपमा विकास गर्ने पहल गरिने छ।

'**हरित सहर, राम्रो सहर**' अवधारणा अनुसार सडकहरूको दायाँ-बायाँ फल-फूलका बिरुवा लगाई सडकको सौन्दर्य बढाउने र तिनको संरक्षण गरी राजधानीलाई हरियाली सहरको रूपमा विकास गर्ने व्यवस्था मिलाउन पहल गरिने छ। '**मेरो सहर, म बनाउछु**' भन्ने उद्घोषका साथ सफा, सुरक्षित र सभ्य सहर बनाउन पहल गरिने छ।

ऐतिहासिक तथा पुरातात्विक संरचना र वस्तीहरूलाई संरक्षित गर्ने, अव्यवस्थित संरचनालाई उचित मुआब्जा दिई अधिग्रहण गर्ने, राजधानीलाई फोहोर, धुलो, हिलो र प्रदूषणमुक्त बनाउन, राजधानीका नदी, खोला-नाला र तालमा ढल र फोहोर पानी मिसाउन प्रतिबन्ध लगाने, वाग्मती, विष्णुमती, मनोहरा, हनुमन्तेलगायत नदी र खोलाहरू सफा एवं स्वच्छ राख्ने, पशु छाडा छोड्न रोक लगाउने र पेट्रोलियम वाहनहरूलाई विद्युतीय

वाहनमा परिणत गर्ने व्यवस्था मिलाउन प्रयास गरिने छ।

## २२. फोहर बन्ने छ मोहर : सफा हराभरा गाउँ–सहर

हरेक घर-परिवारलाई कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै सङ्कलन गर्न लगाउने र फोहोर सङ्कलन गर्ने गाडिहरूले सोहीअनुसार ढुवानी गरी निश्चित स्थानमा भण्डारण गर्ने व्यवस्था मिलाउने हो भने फोहर व्यवस्थापनको समस्यालाई धेरै हदसम्म हल गर्न सकिन्छ। कुहिने फोहोरलाई खाल्डोमा जम्मा गरेर सामान्य प्रविधिबाट मल बनाउन सकिन्छ। प्लास्टिक फोहोरलाई सफा गरी रिसाइक्लिङ उद्योगहरूलाई बिक्री गर्न सकिन्छ। सिसा तथा फलामका टुक्रा लगायतका फोहोर पनि सम्बन्धित उद्योगहरूलाई विक्री गर्न सकिन्छ। जैविक फोहोरबाट वायो ग्याँस, विद्युत् र प्राङ्गारिक मल उत्पादन गर्ने, जङ्गलमा बनभोज जानेहरूले कुहिने फोहर माटोले पुरेर छाड्ने र नकुहिने फोहर आफै लिएर जानुपर्ने व्यवस्था गर्ने, प्राकृतिक पर्यटन र पदयात्रामा जानेहरूले फोहर पदमार्गमा नफाली निर्धारित स्थानमा मात्रै फाल्न पाउने व्यवस्था गर्ने, मापदण्डविपरीतका प्लास्टिक झोला र वातावरणमा प्रतिकूल असर पार्ने सामग्रीको प्रयोगमा रोक लगाउने र यी सव कार्यका निम्ति आवश्यक नीति नियम बनाई कार्यान्वयन गराउन पहल गरिने छ।

ठुला सहरहरूमा मानव मल-मूत्रलाई नदीमा मिसाउने महाअपराध भइरहेको छ। यसले खोला-नाला र नदीहरू दुर्गन्धित भएका छन् र जैविकता एवं सौन्दर्य समाप्त भएको छ। यसलाई केन्द्रीकृत योजना बनाई नदीनाला, विभिन्न सार्वजनिक तथा प्राकृतिक स्थलहरू, पोखरी र तीर्थस्थलहरूलाई फोहरमुक्त बनाउन पहल गरिने छ।

२३. **संरक्षित पर्यावरण : सुरक्षित सभ्यता र मानव जीवन**

पर्यावरण संरक्षण यतिबेलाको एक महत्वपूर्ण विषय बन्न पुगेको छ। त्यसका निम्ति सडक लगायतका भौतिक पूर्वाधार निर्माणका काम गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरेर पर्यावरण मैत्री हुने गरी सञ्चालन गर्ने कार्यमा हाम्रो जोड रहने छ। जलवायु परिवर्तनबाट उत्पन्न वातावरणीय समस्या समाधानका गर्न सम्बन्धित पक्षहरूसँग छलफल गरी न्यूनिकराणका लागि पहल गरिने छ। पर्यावरण संरक्षणमा विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ।

२४. **पानीका स्रोत संरक्षण र विकास**

पृथ्वीको गर्भमा जल भण्डार बढाउँदै लैजानका लागि बर्षाको पानी संकलन गरी पोखरी एवं ताल तलैयाहरू निर्माण गर्ने, पानी पुनःभरण कार्य गर्ने एवं सिमसार क्षेत्रहरूको संरक्षण तथा

संवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ। यसो गरिएमा एकातिर पहाडमा भूस्खलन कम हुनेछ तराईको बाढी नियन्त्रणमा समेत मद्दतपुग्ने छ। साथै, यसबाट वन्यजन्तु र चराचुरुङ्गीहरूलाई पिउने पानी उपलब्ध हुने, वनजङ्गलमा हरियाली बढ्ने र यस्ता पोखरीहरूको पानीलाई वनजङ्गलमा लाग्ने डढेलो नियन्त्रणमा पनि प्रयोग गर्न सकिने छ।

पर्यावरण संरक्षणका लागि नदी-नाला, तालतलैया, सिमसार क्षेत्रहरू, पानीका मुहान, धार्मिक स्थल, खुला क्षेत्र, सडक र सार्वजनिक स्थलहरूको सरफाई तथा सार्वजनिक, निजी जग्गा एवं वन जंगलका खाली क्षेत्रहरूमा वृक्षारोपण गर्ने कार्यलाई हरेक वर्ष अभियानका रूपमा सञ्चालन गरिने छ।

## २५. गाउँ सहरमा सहकारी : घरघरमा रोजगारी

सहकारीलाई नेपाली अर्थतन्त्रको महत्वपूर्ण हिस्साका रूपमा विकास गर्न नेपालका सबै परिवारहरूलाई सहकारी संस्थामा आबद्ध हुन प्रोत्साहित गर्ने र सहकारी संस्थाहरूको क्षमता विकासमा राज्यले सहयोग गर्ने वातावरण बनाई '**गाउँ सहरमा सहकारी, घरघरमा रोजगारी**'को अवस्था सिर्जना गरिने छ।

सबै साना किसान तथा व्यवसायीहरूलाई सहकारी संस्थामा आबद्ध हुन प्रोत्साहन गरिने छ। सहकारीमा आबद्ध जनतालाई

अनुदानको व्यवस्था गर्न र बेरोजगार व्यक्तिहरूलाई उत्पादक सहकारीमा आबद्ध भई स्वरोजगार मुलक व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गरिने छ।

२६. **मर्यादित श्रम : सम्मानित श्रमिक**

श्रमले नै हामीले उपभोग गर्ने सम्पूर्ण वस्तु उत्पादन गर्दछ। श्रमले नै सम्पूर्ण मूल्यको सिर्जना गर्दछ। त्यसैले मानव समाजको प्रगतिका लागि श्रमको ज्यादै ठुलो भूमिका र महत्व छ। यति धेरै महत्वको श्रम मर्यादित भएन र त्यो श्रम गर्ने श्रमिक सम्मानित भएन भने स्वयम् समाज नै मर्यादित र सम्मानित हुँदैन। त्यसकारण हामी मर्यादित श्रम र सम्मानित श्रमिकको अवस्था निर्माण गर्नुपर्दछ भन्ने पक्षमा छौं।

देशभित्र विभिन्न क्षेत्रमा काम गर्ने श्रमिकहरूको वृत्ति विकास र जीवन स्तर उन्नत पार्नका निम्ति भरमग्दुर प्रयत्न गरिने छ। वैदेशिक रोजगारीमा जाने युवाहरूका लागि सिपमूलक तालिम दिएर दक्ष वा अर्ध दक्ष जनशक्तिका रूपमा विकास गरिने छ। वैदेशिक रोजगारीमा भइरहेका विकृतिहरूलाई हटाउन र वैदेशिक रोजगारीलाई सुरक्षित एवं मर्यादित र भरपर्दो बनाउन प्रभावकारी ढङ्गले पहल गरिने छ। सम्भव भएसम्म मुलुकभित्रै आवश्यक रोजगारी सृजना गरी युवाहरूलाई

स्वदेशको रोजगारीमा आकर्षित गर्ने वातावरण निर्माण गर्न पहल गरिने छ।

श्रमिकहरूका समस्या समाधानका लागि राष्ट्रिय श्रम आयोग गठन गर्न र सबै जनप्रतिनिधिमूलक निकायमा श्रमिकहरूको प्रतिनिधित्वको व्यवस्था गर्न पहल गरिने छ।

पेसातग हक हितका लागि विभिन्न सरकारी, अर्धसरकारी तथा सङ्गठित निजी क्षेत्रमा कार्यरत कर्मचारीहरूका ट्रेड युनियनहरूसँग आवश्यक समन्वय गरिने छ। कर्मचारीहरूलाई आफ्नो काममा दत्तचित्त भएर लाग्नका लागि प्रोत्साहित गरिने छ।

भारतलगायत सबै वैदेशिक रोजगारीमा गएकाहरूको अभिलेख राख्ने र उनीहरूलाई समस्या पर्दा राज्यबाट सहयोग गर्ने व्यवस्था गर्न पहल गरिने छ। केन्द्र, प्रदेश र स्थानीय तहहरूमा **श्रमशक्ति आपूर्ति केन्द्र** स्थापना गर्न पहल गरिने छ।

## २७. महिलाको हित : हरघर सुरक्षित

महिलालाई समान अधिकार, सम्मान र अवसरमा प्राथमिकता दिन हामी प्रतिवद्ध छौँ। महिला सशक्तीकरणका योजना अगि बढाउने, घरघरमा महिला मैत्री वातावरण बनाउने, प्रचार-

प्रसार तथा अनुगमन गर्ने, महिला तथा बालिकाहरूमाथि हुने हिंसा रोक्ने कामलाई उच्च प्राथमिकता दिइने छ।

बहुविवाह, बालविवाह, अनमेल विवाहजस्ता सामाजिक कुरीतिलाई पूर्णतः निषेध गर्ने सामाजिक रूपान्तरणका कार्यक्रम लागु गरिने छ। एक्काइसौं शताब्दीमा सामाजिक कलङ्कको रूपमा रहेका बोक्सी, छाउपडीलगायतका कुप्रथाहरूको समूल नष्ट गर्ने हाम्रो सङ्कल्पलाई व्यबहारमा उतारिनेछ।

जनप्रतिनिधित्व हुने सबै क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिने छ र हरेक क्षेत्रमा महिला सहभागिता बढाउँदै लगी ५० प्रतिशत पुऱ्याउन पहल गरिने छ। महिलामाथि हुने हिंसा, बलात्कार, यौनशोषण र बेचबिखनलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने, हिंसा पीडितहरूलाई राज्यद्वारा संरक्षण दिने र पीडकमाथि कडा कानुनी कारवाही गर्ने व्यवस्था गरिने छ।

## २८. जातीय छुवाछुत मेटाउँ : मानव मर्यादा कायम गरौं

मानिस-मानिसबिच छुवाछुतको व्यवहार गर्नु मानव मर्यादाविपरित र जघन्य अपराध पनि हो। यसको अन्त्य हुनै पर्दछ। त्यसका निम्ति ‘जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८’ को प्रभावकारी कार्यान्वयनमा जोड

दिइने छ। जातीय छुवाछूत मेटाउन विशेष पहल गर्ने व्यक्ति वा संस्थालाई पुरष्कृत गर्ने व्यवस्था गरिने छ। अन्तरजातीय विवाह गर्ने जोडीको पूर्ण सुरक्षासहित प्रोत्साहन भत्ताको व्यवस्था गर्न पहल गरिने छ। दलितहरूको **राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक** समस्यालाई एकीकृत प्रगतिशील आरक्षणको प्याकेज निर्माण गरी समाधान गर्न पहल गरिने छ।

## २९. बालबालिका विशेष कार्यक्रम

आजका बालबालिका भविष्यका कर्णधार हुन्। बालबालिकालाई भविष्यका असल नागरिक बनाउनका लागि सानै उमेरदेखि तिनीहरूको शारीरिक र मानसिक विकासमा जोड दिइनुपर्दछ।

सडक बालबालिकाहरूको उद्धार गर्ने, उनीहरूलाई आफ्ना अभिभावकसँग भेट गराई परिवारमा पुनःस्थापित गराउने, अभिभावकविहीन बालबालिकाहरूलाई संरक्षण गरी विद्यालय पठाउने लगायतका काममा व्यवस्थित योजना बनाएर लागु गरिने छ। बालबालिकाहरू आफ्ना घर र समाजमा सुरक्षित रहुन् भन्ने उद्देश्यले स्थानीय प्रहरी कार्यालयसँग आवश्यक समन्वय गरी अनुगमनको व्यवस्था गर्न पहल गरिने छ।

आफ्ना अभिभावक गुमाएका र अपाङ्गता भएका बालबालिकाको भरण पोषण, संरक्षण तथा अध्ययनमा सहयोग पुऱ्याउनका लागि प्रत्येक पालिकामा 'बाल संरक्षण कोष' स्थापना गर्न पहल गरिने छ।

## ३०. ज्येष्ठ नागरिकको रखवारी : नयाँ पुस्ताको जिम्मेवारी

ज्येष्ठ नागरिक समाजका अगुवा हुन्। उनीहरूका अनुभव, सिप, ज्ञानले आजको समाजलाई आलोकित बनाउन सकिन्छ। विभिन्न तहका सरकारहरूले हाम्रा आस्थाका धरोहर ज्येष्ठ नागरिकको सम्मान, सहयोग र सुरक्षामा विशेष ध्यान दिने छन्।

ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य परीक्षण र उपचार तथा यातायातका साधनहरूमा निःशुल्क सवारीको व्यवस्था गर्न पहल गरिने छ। ज्येष्ठ नागरिकहरूले दिन बिताउने सुविधा सम्पन्न सेवाकेन्द्रहरू निर्माण गरिने छ। ज्येष्ठ नागरिकका अनुभव, सिप र ज्ञानको संरक्षण गर्दै त्यसका आधारमा काम गर्नका लागि अवसर प्रदान गर्ने र उनीहरूले उत्पादन गरेका सामाग्रीहरू सरकारले खरिद गरेर सहयोग गर्ने व्यवस्था मिलाईने छ। ज्येष्ठ नागरिक भत्ता क्रमशः बढाउँदै लगिने छ।

## ३१. अल्पसङ्ख्यक लैङ्गिक समुदायको मर्यादा : हाम्रो इरादा

समाजमा सबै लैङ्गिक समुदायका मानिसहरूको हकहितको सुरक्षा हुनु पर्दछ भन्ने बारेमा हाम्रो पार्टी सचेत छ। यस कुरालाई मनन गरी तेस्रो लिङ्गी तथा अल्पसङ्ख्यक लैङ्गिक समुदायका मानिसमाथि कुनै पनि प्रकारको हिंसा, हेला-होचो नहोस् भन्ने कुरामा ध्यान दिइने छ। उक्त समुदायलाई समान मर्यादा, समान हैसियत र समान अधिकार दिने कुरामा हाम्रो प्रतिवद्धता छ।

## ३२. अपाङ्गतामैत्री संरचना : हाम्रो चाहना

अपाङ्गता भएका मानिसहरूलाई रोजगार वा स्वरोजगार बनाउनका लागि आवश्यक तालिम उपलब्ध गराउनुका साथै व्यवसाय गर्नका लागि निर्व्याजी ऋण प्रदान गर्ने व्यवस्था गर्न पहल गरिने छ।

**'अपाङ्गतामैत्री गाउँ/सहर, हाम्रो रहर'** भन्ने नाराका साथ विद्यालय, सार्वजनिक सेवा प्रवाह स्थल, सामुदायिक भवन तथा शौचालयहरू अपाङ्गतामैत्री तथा वातावरणमैत्री बनाइने छ।

अपाङ्गताप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन गरिने छ। शिक्षा, सिप विकास र रोजगारीबाट उनीहरूभित्रको विशेष

क्षमतालाई उजागर गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ। अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन पहल गरिने छ।

### ३३. भूतपूर्व सैनिक तथा प्रहरीको मानः राष्ट्रिय सुरक्षाको शान

भूतपूर्व सैनिक तथा प्रहरीहरूले आफ्नो जीवनको बहुमूल्य समय देश र नागरिकको सुरक्षामा लगाउनुभएको छ भन्ने कुरालाई हाम्रो पार्टी गम्भीररूपमा मनन गर्दछ। भूपू सैनिकहरूका हक, हित र सरोकारका विषयमा समुचित ध्यान दिइने छ। उनीहरूको क्षमता र अनुभवलाई राष्ट्रहितमा अधिकतम सदुपयोग गरिने छ।

### ३४. गरीब तथा विपन्न वर्ग लक्षित कार्यक्रम

अति गरीब नागरिकहरूलाई गरिबीको स्तर वर्गीकृत गरी '**विपन्न परिचयपत्र**' वितरण गर्ने, विपन्नताको परिचयपत्र प्राप्त गरेकाहरूलाई सुलभ मूल्यमा खाद्यान्न उपलब्ध गराउने, रोजगारीका अवसरहरूमा उनीहरूलाई योग्यताबमोजिम पहिलो प्राथमिकता दिने र उनीहरूको आर्थिक उन्नतिका लागि विशेष योजना बनाई लागु गराउन पहल गरिने छ।

गरिबी निवारणको समग्र योजना सफल बनाउन तिनै तहका

सरकारहरूबिच समन्वयात्मक रूपमा कार्यक्रम अगाडि बढाउन पहल गरिने छ।

३५. **सामाजिक विकासका लागि साहित्य, कला र संस्कृति**

साहित्य, कला र संस्कृति समाजको स्वरूप देखिने ऐना हुन्। समाजको विकाससँगै साहित्य, कला र संस्कृतिको विकास, संरक्षण र संवर्द्धन हुन्छ र हुनुपर्दछ। विकास भनेको भौतिक संरचनाको निर्माण मात्रै होइन। मानवीय चेतनाको विकासले नै सही प्रकारको भौतिक विकासलाई निर्देशित गर्नसक्छ भन्ने भावनाका साथ सामाजिक विकास र रूपान्तरणको कामलाई महत्वका साथ अघि बढाइनु पर्दछ।

हाम्रा मौलक कला, साहित्य, संस्कृति, गीत-सङ्गीत र चलचित्रको संरक्षण एवं प्रवर्द्धन गर्न र विद्वान, वैज्ञानिक, विशेषज्ञ, कलाकार, साहित्यकार, भाषा तथा संस्कृतिविद् लगायत राष्ट्रका प्रतिभाहरूको सम्मानसहित उनीहरूको प्रतिभालाई राष्ट्र निर्माणमा सदुपयोग गर्न पहल गरिने छ। सांस्कृतिक चेतना बढाउने लेखक, कवि, चलचित्रकर्मी, सञ्चारकर्मी, चित्रकार, मूर्तिकार, गीतकार, नर्तक-नृत्याङ्गनालगायत विविध विधाका कलाकारहरूलाई पुरस्कृत गरी प्रोत्साहित गर्नका लागि आवश्यक पहल गरिने छ।

## ३६. भ्रष्टाचारमुक्त सरकार : आर्थिक नैतिकताको आधार

भ्रष्टाचार हाम्रो समग्र अर्थतन्त्रको गम्भीर रोग बनिसकेको छ। हाम्रो पार्टी समग्र नेपाली समाजबाट भ्रष्टाचारलाई निर्मूल गर्ने अभियान सञ्चालन गर्नका लागि कृत सङ्कल्पित छ। भड्किलो जीवनशैली भ्रष्टाचारको एक प्रमुख कारक रहेको कुरालाई मनन गर्दै हाम्रा जनप्रतिनिधिले उदाहरणयोग्य सादा जीवन बिताउने कुरामा विशेष ध्यान दिने छन्। हाम्रा जनप्रतिनिधिले आफ्नो घरमा हुने विभिन्न पारिवारिक वा सांस्कृतिक कार्यक्रमको आयोजना गर्दा वा चाडपर्वहरू मनाउँदा सकेसम्म कम खर्चमा सादा ढङ्गले सम्पन्न गर्ने कुरामा विशेष ध्यान दिने छन्।

'**भ्रष्टाचारमुक्त सरकार : भ्रष्टाचाररहित समाज**' को नारासहित भ्रष्टाचार, घुसखोरी, कमिसनखोरी, अनियमितता, सरकारी काममा ढिलासुस्ती आदिमा कडा निगरानी राखिने छ। हाम्रा जनप्रतिनिधिहरूको आर्थिक आचरण शुद्ध हुने छ। कुनै पनि खाले भ्रष्टाचारीलाई कडा कार्बाही गरिने छ। भ्रष्टाचारविरुद्ध जनचेतना अभियान सञ्चालन गरिने छ।

## ३७. जनसेवा र सुशासनः स्वच्छ र पारदर्शी प्रशासन

कुनै पनि स्तरको सरकारले आफ्नो कार्यक्षेत्रमा सुशासन

कायम गर्न सक्यो भने मात्रै घोषित नीति-कार्यक्रम र योजनाले अपेक्षित परिणाम दिन सक्छन् । यस कुरालाई ध्यानमा राखी जनतालाई सुशासन दिनका लागि विशेष कार्यक्रम अगाडि सारिने छ। स्वच्छता, पारदर्शिता र जवाफदेही प्रणालीलाई सदृढ तुल्याउन विशेष जोड दिइने छ।

विकास निर्माणका कामलाई पारदर्शी, सहज र छरितो बनाउनका लागि सार्वजनिक खरिद ऐन, नियमावली र अन्य ऐन कानुनहरू संशोधन गरिनुको साथै जनमैत्री र विकासमैत्री नयाँ कानुन निर्माण गरिने छ।

'**प्रशासनिक/साधारण खर्च घटाऔँ, विकास खर्च बढाऔँ**' भन्ने नाराका साथ फजुल खर्च नियन्त्रण गरी प्रशासनिक खर्च/साधारण खर्च कम गर्न र विकास खर्च (पूँजीगत खर्च) बढाउन पहल गरिने छ।

सरकारी कार्यालयहरूमा सम्पूर्ण आर्थिक कारोबारलाई नगदविहीन भुक्तानी प्रणालीमा आबद्ध गर्ने, सेवाग्राहीले चाहे अनलाइनमार्फत उजुरी/गुनासोसम्बन्धी निवेदन दिने र सार्वजनिक खरिद र निर्माण सम्बन्धी सम्पूर्ण काम अनलाइनमार्फत गर्ने व्यवस्था मिलाउन पहल गरिने छ।

''**पहिले आउने व्यक्तिको काम पहिले**' भन्ने नीति हरठाउँमा

लागु गर्ने, उजुरी ग्रहणयोग्य छ/छैन वा कहाँ पठाउनुपर्छ भन्ने जानकारी उजुरी कर्तालाई सोही दिन दिने र उजुरीमाथिको निर्णय प्रकृति हेरी एक हप्ताभित्र दिने व्यवस्था लागु गर्ने व्यवस्था गर्न पहल गरिने छ।

**३८. जोखिम व्यवस्थापनसहितको विकास : विपद्मा सहयोगी समाज**

आजसम्म भएका धेरैजसो भौतिक विकास निर्माणका कामलाई वैज्ञानिक तरिकाले सम्भावित विपद् र जोखिमका बारेमा संवेदनशील बनाउन सकेको देखिदैन। कतिपय अवस्थामा हाम्रा विकासका क्रियाकलापहरूले झन धेरै विपद् जोखिम निम्त्याएको देखिन्छ। सबै प्रकारका भौतिक विकास-निर्माणका योजना बनाउँदा भूगर्भविदहरू, ईञ्जिनियरहरू, पर्यायवरण विज्ञहरू, विपद् व्यवस्थापनका विज्ञहरूको सहयोग लिएर आवश्यक अध्ययन गराउने र निजहरूको सिफारिसअनुसार गर्न जोड दिइने छ। यसो हुँदा मात्र विपद् संवेदनशील विकास हुने र विपद् उत्थानशील समाज निर्माण हुने छ।

राष्ट्रिय स्तरमा भूकम्प, बाढी र पहिरोलगायत विपद् व्यवस्थापनका लागि स्थायी संयन्त्र निर्माण गर्ने, हरेक स्थानीय

तहमा विपद् व्यवस्थापन केन्द्र र प्राकृतिक विपद् राहत कोष स्थापना गर्ने, सङ्घीय राजधानी, प्रदेश राजधानी र स्थानीय तहका केन्द्रमा प्राकृतिक विपत्तिका अवस्थामा चाहिने पूर्व तयारी, खोज र उद्धार तथा राहत सामग्रीको पूर्वभण्डारण तथा प्रतिकार्य योजना बनाउने र विपद् विरुद्धको प्रतिकार्य (खोज, उद्धार र राहत) को तयारीलाई प्रभावकारी बनाउन जोड गरिने छ।

विपद् आइलाग्न सक्ने कुराको आँकलन गरी आवश्यक पूर्व तयारीका लागि '**बहुप्रकोपीय नक्सा**' बनाउन र विपद् सन्निकट असुरक्षित वस्तीहरूको पहिचान गरी सुरक्षित स्थानमा स्थान्तरण गर्नुका साथै **एकीकृत वस्ती विकास**को कार्यक्रम लागु गर्न पहल गरिने छ।

३९. **गैरआवासीय नेपालीको लगानी : अर्थतन्त्रको विकास र समृद्धि**

गैरआवासीय नेपालीहरूबाट लगानी भित्र्याउनका लागि सङ्घीय सरकारले विशेष महत्वका साथ योजना बनाई लागु गर्ने छ। गैरआवासीय नेपालीहरूलाई बडादशैं-तिहार लगायतका विभिन्न चाडपर्वका बेला आमन्त्रित गर्ने, मातृभूमिमा लगानी गर्नुहोस् भनी प्रेरित गर्ने, लगानी गर्नेहरूलाई सम्मान गर्ने लगायतका विविध कार्यक्रम गरी लगानी भित्र्

याउन पहल गरिने छ। गैरआवासीय नेपालीहरूको ज्ञान, सिप र आर्जनलाई राष्ट्र निर्माणमा लगाउने नीति लिइने छ। प्रवासी नेपाली नागरिकहरूको हकहितका लागि प्रभावकारी पहल गरिने छ।

## ४०. विविधतामा एकताको सान : स्थानीय पहिचान

स्थानीय परम्परागत संस्कृति, कला, सिप, भेष-भुषा, भौगोलिक विशेषता, जातीय विशेषता, पर्यटकीय स्थलहरू, परम्परागत उद्योगधन्दा लगायतको संरक्षण तथा संवर्द्धन गरी स्थानीय पहिचान झल्काउने सङ्ग्रहालय निर्माण गरिने छ। आदिवासी, जनजाति, मधेसी, थारु, मुस्लिम लगायत सबै जातीय तथा धार्मिक समुदायको पहिचानलाई सम्मान गर्दै उनीहरूको हक हित र अधिकारलाई सुनिश्चित गर्न पहल गरिने छ।

## ४१. सूचना प्रविधि प्रयोग र प्रेस स्वतन्त्रता

सूचनाको हकसम्बन्धी ऐनलाई पूर्ण रूपमा कार्यान्वयन गरिने छ। आधुनिक सूचना तथा सञ्चार प्रविधिमा आमजनताको पहुँच स्थापित गरिने छ। विभिन्न सञ्चार माध्यम (पत्र-पत्रिका, अनलाइन, समाचार पोर्टल, एफ.एम. तथा टेलिभिजन) का सञ्चार उद्यमी र सञ्चारकर्मीलाई वार्षिक रूपमा निजको कामको कदर गर्दै कदर पत्र र नगद पुरस्कारद्वारा

पुरस्कृत गरिने छ। '**पूर्ण प्रेस स्वतन्त्रतासहितको लोकतन्त्र**' को भावनाअनुसार पूर्ण प्रेस स्वतन्त्रताको अनुभूति दिलाइने छ।

आम सञ्चार माध्यमलाई निष्पक्ष, व्यावसायिक, उत्तरदायी र जिम्मेवार उद्योगका रूपमा विकास गरिने छ। मुलुक भित्र संचालन हुने मिडियामा विदेशी लगानीमा रोक लगाइने छ। सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आबद्ध गरी छिटोछरितो, गुणस्तरीय र पारदर्शी तुल्याउन जोड गरिने छ। सूचना प्रविधिमा नवप्रवर्तनलाई प्रोत्साहन गरिने छ। सामाजिक सञ्जाल र अनलाइन मिडियालाई आमजनताको चेतना अभिवृद्धिका निम्ति सदुपयोग गरिने छ।

### ४२. कब्जा जमिन र सम्पत्तिको खोजी

विभिन्न तरिकाले कब्जा गरिएका जमिनलगायत सार्वजनिक सम्पत्तिको खोजी गरी सरकारको मातहतमा ल्याइने छ। त्यस्ता सार्वजनिक जमिनहरू पार्क, बगैँचा, खेलमैदान र औद्योगिक ग्राम निर्माणमा प्रयोग गरिने छन् भने सबै सार्वजनिक सम्पत्तिलाई राज्यको मातहतमा राखिने छ। श्रोत नखुलेको अपारदर्शी तथा अवैध ढंगबाट आर्जन गरिएका सम्पत्तिलाई छानवीनको दायरामा ल्याइने छ।

## ४३. सुकुमबासी समस्या समाधान

तिनै तहका सरकारको समन्वयमा वास्तविक सुकुम्वासीको पहिचान गरी अव्यवस्थित बसोबासीको उचित व्यवस्थापन गर्ने, घरबारबिहीनका लागि घडेरी उपलब्ध गराउने र उनीहरूका लागि रोजगारमूलक कार्यक्रम ल्याउन पहल गरिने छ ।

घरबारविहीन सुकुम्बासी, पूर्वकमैया-कमलरी र पूर्वहलिया, लोपोन्मुख जातिलगायतका विपन्न र पछाडि परेका समुदायका परिवारलाई आवासको व्यवस्था गर्न पहल गरिने छ ।

## ४४. द्वन्द्व पीडित राहत सहयोग

द्वन्द्वपीडित, घाइते, शहिद परिवार तथा वेपत्ताका परिवारहरूलाई सम्मान तथा आवश्यक राहत सहयोगका कार्यक्रमहरू सञ्चालन गरिने छ । सङ्क्रमणकालीन न्यायको मान्यताका आधारमा सत्यनिरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता व्यक्तिसम्बन्धी आयोगका कामलाई यथाशीघ्र सम्पन्न गर्न आवश्यक वातावरण मिलाइने छ। द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापन र परिपूरणको बाँकी काम र द्वन्द्वबाट क्षतिग्रस्त भौतिक संरचनाहरू पुनर्निर्माण गर्ने काम छिटो सम्पन्न गराउन पहल गरिने छ ।

## ४५. उपभोक्ता हित संरक्षण

प्रत्येक तहमा उपभोक्ता हित संरक्षणसम्बन्धी निकाय स्थापना गरेर उपभोक्ता हितलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिने छ। सबै पसलमा मूल्यसूची अनिवार्य गरिनुका साथै मूल्य र गुणस्तरको नियमित अनुगमन गराइने छ। तरकारी, फलफूललगायतका खाद्यवस्तुहरूमा विषादी परिक्षण अनिवार्य गर्न जोड दिइने छ। अखाद्य वस्तुको मिसावट, कृत्रिम मूल्यवृद्धि, सिन्डिकेट, गुणस्तरहीनता र भ्रमपूर्ण विज्ञापन, नापतौल ठगीलगायतलाई कडाइका साथ नियन्त्रण गर्न जोड दिइने छ। नियमित वजार अनुगमनको व्यवस्था गर्ने व्यवस्थालाई लागु गर्न पहल गरिने छ।

## ४६. सबल र सक्षम प्रदेश सरकार

प्रदेश सरकारलाई सुदृढ, संविधानप्रदत्त अधिकारको अभ्यास गर्न सक्षम, आधारभूत लोकतन्त्रको नमुना र सङ्घीयताको मर्मअनुरूप विकास गरिने छ। प्रदेश सरकारलाई आत्मनिर्भर, प्रतिस्पर्धी क्षमतायुक्त, विशिष्ट पहिचानयुक्त बनाउन विशेष जोड गरिने छ।

प्रदेश राजधानीहरूलाई स्मार्ट सिटीको अवधारणाअनुरूप अत्याधुनिक सहरमा विकास गर्न पहल गरिने छ। प्रत्येक

प्रदेशमा विशेष आर्थिक क्षेत्र विकास गरिने छ। प्रत्येक प्रदेशमा न्यूनतम एक विश्वविद्यालय र प्राविधिक तथा व्यावसायिक महाविद्यालयहरू सञ्चालन गर्न जोड गरिने छ।

## ४७. लोक कल्याणकारी राज्य : भरपर्दो सामाजिक सुरक्षा

लोककल्याणकारी राज्य र समाजवादको आधारभूत पक्षका रूपमा रहेको सामाजिक सुरक्षा कार्यक्रमलाई विस्तार गर्दै लगिने छ। काम गर्ने उमेर समुहका नागरिकलाई योगदानमा आधारित सामाजिक संरक्षणका कार्यक्रम र बालबालिका तथा वृद्धावस्थाका नागरिकहरूका लागि छुट्टै सामाजिक सुरक्षा कार्यक्रम ल्याउन पहल गरिने छ।

सम्पूर्ण नागरिकलाई विद्युतीय राष्ट्रिय परिचयपत्र र गरिबीको रेखामुनि रहेका नागरिकलाई विशेष परिचयपत्र उपलब्ध गराउन पहल गरिने छ। गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तर उकास्न रोजगारी तथा व्यवसायमूलक कार्यक्रमहरू सञ्चालन गर्न जोड दिइने छ।

## ४८. सामाजिक सुधार : समानताको आधार

समाजमा रहेका विभेद र कुरीतिहरूलाई नहटाई सामाजिक समानता कायम हुन सक्तैन। त्यसैले हामी समाजमा रहेका

सबैखाले विभेद र कुरीतिहरूको अन्त्य गर्न चाहन्छौँ । त्यसका निम्ति छुवाछूत, अन्धविश्वास, घरेलु हिंसा, दाइजो, तिलक, छाउपडी, बोक्सी जस्ता कुसंस्कारविरुद्ध सामाजिक अभियान सञ्चालन गरिने छ। कुरीति र अन्धविश्वासको अन्त्य गर्न शिक्षा, जनचेतना र सशक्तीकरण अभियान चलाइने छ ।

४९. **सांस्कृतिक रूपान्तरण, सामाजिक सद्भाव र राष्ट्रिय एकता**

हाम्रो देश सांस्कृतिक विविधताले भरिपूर्ण छ। हाम्रा मौलिक सांस्कृतिक परम्पराका राम्रा तथा प्रगतिशील पक्षको जगेर्ना हुनु आवश्यक छ। आफ्नो संस्कृतिका राम्रा पक्ष जोगाउन नसक्ने देशले आफ्नो अस्तितत्व जोगाउन सक्दैन भन्ने विषयमा हामी स्पष्ट छौँ । आफूभन्दा ठुलालाई सम्मान गर्ने, आफूभन्दा सानालाई मायाँ गर्ने, परिवारका वरिष्ठ तथा बृद्धबृद्धा सदस्यहरूको हेरचाह गर्ने, सामूहिकतामा विश्वास गर्ने, सबै धर्म र संस्कृतिको सम्मान गर्ने, अतिथि सत्कारलाई गौरव ठान्ने, जाति-जनजातिबिचका आपसी सांस्कृतिक आदानप्रदानमा रमाउने, सामाजिक सद्भाव, साम्प्रदायिक एकता, मौलिक खानपान र चाड पर्वहरूमा साझापन, सांस्कृतिक प्रगतिलाई स्विकार गर्नेलगायतका पक्ष हाम्रो संस्कृतिका प्रगतिशील पक्ष हुन् । यिनको संरक्षण र विकासमा जोड दिइने छ ।

## ५०. राष्ट्रिय सुरक्षा : राष्ट्रिय हित र स्वाभिमानको रक्षा

राष्ट्रिय एकताको भावना प्रवर्द्धन गरी राष्ट्रिय सुरक्षा निति र यसको कार्यान्वय प्रकृयाको समयानुकुल पुनरावलोकन गरिनेछ। राष्ट्रिय सुरक्षालाई थप सुद्धढ गरी देशमा दिगो शान्ति, राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा, प्राकृतिक सम्पदाको जगेर्ना एवं सामाजिक सद्भाव कायम राख्दै राष्ट्रियएकताको प्रवद्धन र मानवीय सुरक्षा सुनिश्चित हुने गरी राष्ट्रिय सुरक्षा नीति निर्माण गरिने छ। देशमा शान्ति, स्थायित्व र जनाधिकारको रक्षा तथा बहुलतायुक्त नेपालको आन्तरिक एकतालाई सुदृढ गर्दै नेपाली राष्ट्रियताप्रतिको गौरवबोध र राष्ट्रिय एकताको भाव संवर्द्धन गर्न विशेष पहल गरिने छ। राष्ट्रिय हितका सवालमा साझा राष्ट्रिय अवधारणा बनाउन हाम्रो पार्टी विशेष रुपमा अग्रसर हुने छ। राष्ट्रिय एकता र भौगोलिक अखण्डतामा आँच पुऱ्याउने विभाजनकारी र विखण्डनकारी क्रियाकलापलाई निरुत्साहित र नियन्त्रण गरिने छ।

## ५१. सिमा सुरक्षा र आवागमन व्यवस्थापन

मित्र राष्ट्रसँगको सीमा समस्या समाधान गर्न र अतिक्रमित नेपाली भूभाग फिर्ता लिन उच्च प्राथमिकतासहित कुटनीतिक

पहल गर्न दवाव दिइने छ। नेपालको अर्न्तराष्ट्रिय सिमानालाई अर्न्तराष्ट्रिय कानून र स्थापित मूल्य मान्यता अनुरुप नियमित गर्ने, देशका सिमाना दशगजा क्षेत्रलाई व्यवस्थित गरी राष्ट्रिय सुरक्षा संवेदनशीलतालाई ध्यान दिदैँ देशबाट बाहिरिने र देशमाभित्रिने मानिसहरूको व्यवस्थित रेकर्ड राखिने छ। हाम्रो खुला सिमानालाई यसरी व्यवस्थित गर्न सक्दा मानव बेचबिखन तथा ओसार-पसार र अन्य अपराधहरू नियन्त्रण गर्न पनि सहज हुने छ। यस मामिलामा सम्बन्धित पक्षसँग वार्ता गरी समस्या समाधान गर्न पहल गरिने छ।

## ५२. नागरिकता समस्याको दीर्घकालीन समाधान

नेपाली नागरिकका सन्तान तथा वास्तविक नेपालीहरूले सहजतापूर्वक नागरिकता पाउनुपर्दछ भन्ने विषयमा हाम्रो स्पष्ट धारणा रहेको छ। ठोस कानुन निर्माण गरी वैवाहिक अङ्गीकृत लगायतका नागरिकता सम्बन्धी समस्या समाधान गर्न हाम्रो पार्टी प्रतिवद्ध छ। लामो समयदेखि नेपालमा बसोबासका साथै पेसा व्यवसाय गरेर बसेका व्यक्तिहरूलाई व्यवसायमा लगानी गर्न र व्यवसायिक तथा आवासीय जग्गा खरिद गर्ने लगायतकाममा सहजता प्रदान गर्ने गरी कानून निर्माण गर्न पहल गरिने छ।

## ५३. वैदेशिक लगानीका लागि सहज वातावरण

नेपालमा वैदेशिक लगानीको पर्याप्त सम्भावना छ तर झन्झटिलो कानुनी प्रक्रिया तथा कर्मचारीतन्त्रको असहयोगका कारण आशा गरेअनुसार लगानी आइरहेको छैन। लगानी गर्न चाहने विदेशीहरूको नेपालबारेको यस्तै बुझाइ रहेको छ। यस्तो अवस्थाको अन्त्य हुनु आवश्यक छ। मुलुकको राष्ट्रिय हित र आवश्यकता अनुरुप विदेशी लगानीलाई प्रोत्साहित गरिने छ। यस्ता लगानीलाई झन्झटरहित सरल कानुनी र प्रशासनिक प्रकृयाबाट लगानी मैत्री वातावरण सुजना गरिने छ।

कुनै विदेशी नागरिकले यहाँको कानुनबमोजिम नेपालमा लगानी गर्न चाहेमा न्यूनतम ५० करोड लगानी गर्न सक्ने भए 'विदेशी लगानीकर्ता परिचयपत्र' उपलब्ध गराउने र यस्तो सुविधा प्राप्त गर्ने विदेशी नागरिकले कमाएको मुनाफा फिर्ता लैजान पाउने स्पष्ट कानुनी व्यवस्था गरी विदेशी लगानीलाई प्रोत्साहित गरिने छ। यसरी नेपालमा उत्पादनशील उद्योगमा लगानी गरेको विदेशी नागरिकले कानुनबमोजिम सम्पत्ति खरिद-बिक्री गर्नसमेत पाउने छन्।

## ५४. स्वतन्त्र, असंलग्न र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध

विश्वशान्ति, मानवता, सद्भाव र मैत्रीपूर्ण सम्बन्धलाई

विस्तार गर्दै नेपालको विकास र नेपाली जनताको समृद्धिमा योगदान पुऱ्याउने गरी अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिलाई व्यवस्थित गर्न पहल गरिने छ।

राष्ट्रिय हित, स्वाधीनता र सार्वभौमसत्ताको रक्षा गर्दै छिमेकी एवं सबै मित्रराष्ट्रहरूसँग पञ्चशील र असंलग्नताका सिद्धान्त र संयुक्त राष्ट्रसङ्घको बडापत्र अनुरूप सुमधुर सम्बन्ध कायम गरिने छ। स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्दै आन्तरिक मामिलामा बाह्य हस्तक्षेपलाई अस्वीकार गरिने छ।

भारतसँग गरिएको सन् १९५० को सन्धिलगायत सबै असमान सन्धि र सम्झौताको पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरूप प्रतिस्थापन गर्न पहल गरिने छ। सिमा समस्याको समाधान र सिमा-नाकाहरूको व्यवस्थापनका लागि कूटनीतिक पहल गरिने छ।

## हामीलाई नै मत किन ?

आदरणीय जनसमुदाय,

आज हाम्रो देश इतिहासको एउटा महत्वपूर्ण मोडमा उभिएको छ। देशका कम्युनिष्ट र प्रजातान्त्रिक शक्तिको संयुक्त नेतृत्व र आम नेपाली जनताको सहभागितामा भएको शान्तिपूर्ण जनक्रान्तिद्वारा

निरङ्कुश सामन्ती राजतन्त्रको अन्त्य गरी सङ्घीयता, समानुपातिक समावेशिता र धर्मनिरपेक्षताजस्ता विशेषतासहितको लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । यस सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र स्थायित्व आजको मुख्य प्रमुख सवाल बनेको छ। हामी विगतदेखि नै लोकतन्त्र, राष्ट्रियता र जनजीविकाका निम्ति भएका आन्दोलनको अग्रमोर्चामा रहेर सङ्घर्ष गर्दै आएका छौँ । अहिले पनि हामी लोकतन्त्रको रक्षा, राष्ट्रिय स्वाधिनताको संवर्द्धन, जनताको समृद्धि, सामाजिक न्याय, समानता, सामाजिक सद्भाव तथा शान्ति, स्थायित्व र विकासका सवाललाई लिएर अग्रपङ्क्तिमा रहेर पहल गरिरहेका छौँ ।

हामी संविधानले व्यवस्था गरेको तीन खम्बे अर्थनीतिलाई अगाडि बढाउँदै समाजवादका आधार निर्माण गर्न चाहन्छौँ। हामीले माथि चर्चा गरेका नीति, कार्यक्रम र कार्ययोजना कार्यान्वयनका लागि जनताको व्यापक समर्थन अपरिहार्य छ। हामीलाई विश्वास छ, नेपाली जनताले यस निर्वाचनमा प्रतिगमन विरोधी वाम लोकतान्त्रिक गठबन्धनलाई मतदानका मध्यायमबाट अत्यधिक बहुमतको सरकार निर्माण गर्ने गरी स्पष्ट जनादेश दिएर देशलाई राजनीतिक स्थिरता र समृद्धिको दिशामा अगिबढाउन अवसर प्रदान गर्नुहुने छ।

विकास तथा समृद्धिको सन्दर्भमा हामी नागरिक अधिकार, अवसर,

सुरक्षा र सम्मानका चार स्तम्भलाई सुदृढ गर्न चाहन्छौँ । नागरिकका मौलिक अधिकारका सन्दर्भमा शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा, आवाससहित राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गर्न चाहन्छौँ । समृद्धिका अवसरमा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्न चाहन्छौँ । हाम्रो पार्टीले आफ्ना हरेक काममा जनताको हित गर्ने सिद्धान्त, विचार, नीति, कार्यक्रम र योजनालाई ध्यानमा राख्दछ । हरेक काम निश्चित विधि र पद्धतिका आधारमा संस्थागत तरिकाले गरिनुपर्दछ भन्नेमा हामी प्रतिबद्ध छौँ ।

उपरोक्त प्रतिवद्धता र '**जनतामा जाऔं, नेकपा** (**एकीकृत समाजवादी**) **लाई जिताऔँ**' भन्ने नाराका साथ हामी **कलम** चुनाव चिन्ह लिएर तपाईंको घरदैलोमा आएका छौँ। **कलम** चिन्हमा मतदान गरी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का उमेदवारहरूलाई अत्यधिक मतले विजयी बनाउन हामी हार्दिक अपिल गर्दछौँ ।

**नेकपा** (**एकीकृत समाजवादी**) **लाई विजयी गराऔं, समाजवादको यात्रामा अघि बढौं** !

## 'कलम' मा भोट किन ?

- राष्ट्रिय स्वाभिमान, संविधानको रक्षा र स्थिरताको लागि,
- संविधानप्रदत्त मौलिक हकको निर्वाध उपयोगका लागि,
- आर्थिक-सामाजिक रुपान्तरण र सम्बृद्धिको लागि,
- संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, सुशासन र पारदर्शिताको लागि,
- कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणका लागि,
- पर्यटन पूर्वाधारको विकास र संस्कृति सम्बर्धनका लागि,
- जेष्ठ नागरिकहरूको उचित सम्मान र स्याहार सम्भारका लागि,
- आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी समाजवादका आधार तयार गर्न,
- घरेलु तथा ग्रामीण उद्योगहरू स्थापना गरी रोजगारी सिर्जना गर्न,
- भूमि सम्बद्ध समस्याको दिगो समाधान गर्न,
- सबैका लागि गुणस्तरिय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्न,
- आधुनिक स्वच्छ हराभरा शहर र बस्ती विकास गर्न,
- सिपमूलक तालिम प्रदान गरी सक्षम जनशक्ति उत्पादन गर्न,
- योजनाबद्ध एवं एकीकृत भौतिक पूर्वाधारको निर्माण गर्न,

- विकास-निर्माणको योजना प्रणालीमा आमूल परिवर्तन गर्ने,
- समाजमा रहेका सबैखाले विभेद र छुवाछुत अन्त्य गर्ने,
- महिलामाथिको विभेद, असमानता र हिंसा अन्त्य गर्ने,
- बालबिबाह, बहुविवाहलगायत सामाजिक कुरितीको अन्त्य गर्ने,
- बालबाकिहरूलाई कुपोषणबाट मुक्त गर्ने,
- युवाहरूको हक हितमा काम गर्ने,
- पिछडिएका क्षेत्र र समुदायको हितमा काम गर्ने,
- मिटरव्याजीलगायत सबैखाले शोषण, उत्पीडन र अत्याचारको अन्त्य गर्ने,
- भ्रष्टाचार र कमिशनतन्त्रको अन्त्य गर्ने,
- सामाजिक सुरक्षाका कार्यक्रमहरूको विस्तार गर्ने,
- नागरिकता समस्याको दिर्घकालिन समाधान गर्ने,
- दक्षिणपन्थी अवसरवाद र व्यक्तिवादी अहंकारवादलाई परास्त गर्ने,
- सबै भाषा, धर्म, संस्कृति र पहिचानको संरक्षण र सम्बर्द्धन गर्ने,
- स्वतन्त्र, असंलग्न र सन्तुलित परराष्ट्र सम्बन्ध कायम गर्ने,

**'कलम' चिन्हमा मतदान गरौ ।**

**नेकपा (एकीकृत समाजवादी)लाई विजय गराऔं ।**

**नेकपा (एकीकृत समाजवादी)**

**केन्द्रीय निर्वाचन परिचालन कमिटी**

# हाम्रा नाराहरु

(१) यात्रा समृद्धिको, लक्ष्य समाजवादको !
(२) जनताको अधिकार, आधारभूत स्वास्थ्य, शिक्षा र आहार !
(३) आर्थिक-सामाजिक रूपान्तरण र समृद्धि, समाजवादको आधार !
(४) स्वास्थ्य, शिक्षा, उत्पादन र रोजगार, आर्थिक समृद्धिका लागि भौतिक पूर्वाधार !
(५) हरियाली गाउँनगर, वातावरणमैत्री सहर !
(४) शान्ति, लोकतन्त्र, स्वाधीनता र स्वाभिमान, सुखी जनता, समृद्ध नेपाल- हाम्रो अभियान !
(५) स्वच्छ निर्वाचन-लोकतन्त्रको आधार, सवल र समृद्ध राष्ट्र निर्माणको आधार !
(६) आफ्नो गाउँ, आफै बनाऔं, आफ्नो ठाउँ आत्मनिर्भर बनाऔं !
(९) जनताको अधिकार, भ्रष्टाचारमुक्त बलियो सरकार !
(१०) हाम्रा युवा स्वदेशमै, राष्ट्र निर्माणमा सँगसँगै !
(११) खानी, कृषि, पशु र वन, उद्योग, पर्यटन हाम्रा धन !
(१२) एक गाउँ एक सहकारी, एक घर एक रोजगारी !
(१३) विज्ञान, प्रविधि र आविष्कार, आर्थिक-सामाजिक परिवर्तनको आधार !
(१४) हाम्रो चुनाव चिन्ह कलम, सबैले भोट यसैमा हालम !
(१५) हाम्रो चुनाव चिन्ह कलम, सबैलाई हाम्रो लाल सलाम !


**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)**

**केन्द्रीय कार्यालय**

बागमती कोरिडोर, आलोकनगर, काठमाडौं

**फोन** : ०१-४१०६३०२/४१०६३०३

Email: info.cpnus@gmail.com Web : www.cpnus.org.np